प्रदेश आर्थिक ऐन, २०७७

(आर्थिक वर्ष २०७७/०७८)

प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

प्रदेश आर्थिक ऐन, २०७७

<u>प्रमाणीकरण र प्रदेश राजपत्रमा प्रकाशित मिति</u>

२०७७।०३।२५

संवत् २०७७ सालको ऐन नं. ३

<u>प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन</u>

<u>प्रस्तावना</u>: बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त राजस्व संकलन गर्ने, कर तथा शुल्कको दर घटाउने, बढाउने, कर लगाउने, कर छुट दिने तथा राजस्व प्रशासन सम्बन्धी कानून तर्जूमा गर्न तथा मौजुदा कानूनलाई समय अनुकूल संशोधन गर्न वाञ्छनीय भएकाले,

बागमती प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस ऐनको नाम "प्रदेश आर्थिक ऐन, २०७७" रहेको छ।

(२) यस ऐन बमोजिमका दफाहरु मध्ये दफा ६ बाहेकका अन्य दफाहरु संवत् २०७७ साउन १ गतेदेखि लागू हुनेछ।

(३) यस ऐनको दफा ६ प्रदेश सरकारले तोकेको मितिदेखि लागू हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

२. **<u>घरजग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर</u>ः** (१) आर्थिक वर्ष २०७७/०७८ मा बागमती प्रदेशभित्र अनुसूची-१ बमोजिम घरजग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको घरजग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क रजिष्ट्रेशन गर्दाका बखत सम्बन्धित स्थानीय तहले संकलन गर्नु पर्नेछ।

तर स्थानीय तहको साधन, श्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारको तोकिएको कार्यालयले उपदफा (१) बमोजिमको दर अनुसारको शुल्क संकलन गरी बाँडफाँट गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको कार्यालयबाट संकलित घरजग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुरको जम्मा रकमबाट अनुसूची-१ को विविध खण्डको क्र.सं.१३ बमोजिमको रकम प्रदेश सञ्चित कोषमा जम्मा गरी बाँकी रकमको साठी प्रतिशतले हुने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र चालीस प्रतिशतले हुन आउने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको राजस्व बाँडफाँटको विवरण प्रत्येक महिना समाप्त भएको मितिले पच्चीस दिनभित्र सम्बन्धित स्थानीय तह र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

३. **<u>सवारी साधन कर</u>ः** (१) आर्थिक वर्ष २०७७/०७८ मा बागमती प्रदेशभित्र सवारी साधन कर, सवारी चालक अनुमतिपत्र आवेदन दस्तुर, सवारी चालक अनुमतिपत्र, नवीकरण तथा सवारी साधन

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

दर्ता दस्तुर, बाटो इजाजतपत्र आवेदन तथा नवीकरण दस्तुर अनुसूची-२ बमोजिम लगाइने र असुल उपर गरिनेछ।

(२) प्रदेश सरकारले उपदफा (१) बमोजिमको सवारी साधन कर मात्र अनुसूची-२ को क्र.स. १ बमोजिमको दर अनुसार हुने कर संकलन गरी प्रदेश विभाज्य कोषमा दाखिला गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कार्यालयबाट संकलित सवारी साधन कर बाहेक, सवारी चालक अनुमतिपत्र आवेदन दस्तुर, सवारी चालक अनुमतिपत्र, नवीकरण तथा सवारी साधन दर्ता दस्तुर, बाटो इजाजतपत्र आवेदन तथा नवीकरण दस्तुर अनुसूची-२ को क्र.स. २ बमोजिम दस्तुर संकलन गरी मासिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम मध्ये साठी प्रतिशतले हुने रकम प्रदेश सञ्चित कोषमा र चालीस प्रतिशतले हुने रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट प्राप्त सूत्र बमोजिम बाँडफाँट गरी सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

४. **मनोरञ्जन कर**: (१) आर्थिक वर्ष २०७७/०७८ मा बागमती प्रदेश भित्रको चलचित्र घर, भिडियो घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट, थिएटर/नाटकघर, फनपार्क, वाटर गार्डेन, बाल उद्यान, दोहोरी साँझ, डान्सबार, क्यासिनो, फुट्सल, जुम्बा, नाईट क्लव जस्ता मनोरन्जन स्थलमा अनुसूची-३ बमोजिमको मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको मनोरञ्जन करको प्रशासन स्थानीय तहले गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) अनुसूची-३ को सि.नं. १ र २ मा उल्लिखित करदाताले बुझाउनु पर्ने कर महिना समाप्त भएको मितिले पच्चीस दिनभित्र सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र मनोरञ्जन कर नबुझाउने करदारतालाई सम्बन्धित स्थानीय तहले सो अवधि नाघेको तीन महिनासम्मको लागि उक्त कर रकमको दश प्रतिशत र सो अवधिभित्र पनि मनोरञ्जन कर नबुझाएमा बुझाउनु पर्ने कर रकमको पन्ध्र प्रतिशतका दरले वार्षिक ब्याज लगाई त्यस्तो रकम असुल उपर गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम संकलित करको चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

५. **विज्ञापन कर**: (१) आर्थिक वर्ष २०७७/०७८ मा बागमती प्रदेश भित्र राखिने होर्डिङ बोर्ड, साइन बोर्ड, ब्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने, लेख्ने वा विद्युतीय तरंग प्रयोग गरिएको प्रचारको लागि राखिने वस्तु वा सामग्रीमा गरिने विज्ञापनमा विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) अनुसारको विज्ञापन करको दर एवं कर उठाउने प्रणाली स्थानीय तहले निर्धारण गरे बमोजिम नै हुनेछ।

(३) उपदफा (१) बमोजिमको विज्ञापन करको प्रशासन स्थानीय तहले गर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र विज्ञापन कर रकम नबुझाउने करदातालाई सम्बन्धित स्थानीय तहले सो अवधि नाघेको तीन महिनासम्मको लागि उक्त कर रकमको दश प्रतिशत र सो अवधिभित्र पनि विज्ञापन कर नबुझाएमा बुझाउनु पर्ने कर

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

रकमको पन्ध्र प्रतिशतका दरले वार्षिक ब्याज लगाई त्यस्तो रकम असुल उपर गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम संकलित करको चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

६. **कृषि आयमा करः** (१) आर्थिक वर्ष २०७७/०७८ मा स्वयं घोषणा गरी आफ्नो कृषि आय प्रस्तुत गर्ने कृषकहरुको लागि कृषि आयमा कर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कृषि आयमा लाग्ने करको दर तथा सीमा अनुसूची-४ बमोजिम हुनेछ।

(३) कृषि आयमा कर लगाउने कार्यविधि प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

७. **पर्यटन शुल्कः** आर्थिक वर्ष २०७७/०७८ मा प्रचलित कानून बमोजिम पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ।

८. **सवारीको दर्ता किताव (ब्लु बुक) दस्तुरः** आर्थिक वर्ष २०७७/०७८ मा प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ (संशोधन सहित) मा भएको व्यवस्था बमोजिम सो को नियमावली नबनेसम्म सवारीको दर्ता किताव (ब्लु बुक) दस्तुर तथा अन्य विविध दस्तुरको संकलन प्रचलित कानून बमोजिम हुनेछ।

९. **ढुङ्गा, गिटी, बालुवा, दहत्तर बहत्तर शुल्कः** (१) आर्थिक वर्ष २०७७/०७८ मा माटो, ढुंगा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तरको संकलनमा अनुसूची-५ बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) स्थानीय तहले प्रचलित कानूनमा तोकिएको दरमा नघट्ने गरी उपदफा (१) बमोजिमको सामग्रीमा बिक्री मूल्य तोक्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको शुल्कको संकलन सम्बन्धित स्थानीय तहले गर्नेछ।

(४) उपदफा (१) बमोजिम संकलित रकम तोकिए बमोजिम बाँडफाँट हुनेछ।

(५) उपदफा (१) बमोजिम संकलित करको चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(६) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-५ को सि.नं. ७ बमोजिम सिमेन्ट कारखाना मूल्यमा संकलन हुने प्राकृतिक श्रोत शुल्क बमोजिमको राजस्व मध्येबाट चालीस प्रतिशतले हुने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र साठी प्रतिशतले हुने रकम प्रदेश सञ्चित कोषमा मासिक रुपमा दाखिला गर्नु पर्नेछ।

१०. <u>जरिबाना</u>ः (१) प्रदेश भित्र कुनै व्यक्ति, संस्था वा निकायले प्रदेश कानूनको उल्लङ्घन गरेको पाइएमा प्रदेश सरकारले दण्ड तथा जरिबाना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको दण्ड जरिबानाको दर प्रचलित कानून बमोजिम हुनेछ।

११. <u>अन्य राजस्व</u>ः (१) प्रदेश सरकारको विभिन्न मन्त्रालय मातहत रहेका कार्यालयहरुको कार्य-प्रकृति अनुसार वस्तु तथा सेवा प्रवाहको माध्यमबाट संकलन हुने दर्ता शुल्क, बिक्री मूल्य वा शुल्क तथा दस्तुर प्रदेश कानूनमा निर्धारण नभइसकेको अवस्थामा प्रचलित कानूनमा उल्लेख भएको दरमा संकलन गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) उपदफा (१) बमोजिम संकलन भएको कर तथा गैर कर राजस्व रकम मासिक रुपमा प्रदेश संञ्चित कोषमा दाखिला गरी सो को विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय, सम्बन्धित मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

१२. **<u>दर घटाउन, बढाउन वा छुट दिन सक्ने</u>**: (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र अन्य कानून बमोजिम लगाइने दस्तुर, शुल्क, महशुल र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क, महशुल र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ। त्यस्तो दर घटाएको, बढाएको वा छुट दिएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर, शुल्क, महशुल र कर आंशिक वा पूर्ण रुपमा छुट दिइएको विवरण प्रत्येक वर्ष आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दिइएको पूर्ण वा आंशिक कर छुट सुविधाको कसैले दुरुपयोग गरेमा त्यसरी छुट दिइएको दस्तुर, शुल्क, महशुल र कर रकम असुल उपर गरी सो रकम बराबर जरिबाना गरिनेछ।

१३. **<u>प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकवा गर्न सक्ने</u>**: प्रचलित कर सम्बन्धी कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भीर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपद्को कारणले उल्लिखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लिखित ऐन

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

१४. **<u>प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा संशोधन</u>**: (१) दफा १५ मा रहेको दहत्तर बहत्तर शुल्क शब्दहरुको सट्टा "माटो, ढुङ्गा, गिटी, बालुवा, खरिढुङ्गा, दहत्तर बहत्तर शुल्क" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा १५ को उपदफा (१), (२), (३), (४), (५) र (६) को "ढुङ्गा, गिटी, बालुवा, दहत्तर र बहत्तर" शब्दहरुको सट्टामा "माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुंगा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तर" शब्द राखिएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

घरजग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर

(क) घर जग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क

सि.नं.	लिखतको प्रकार	रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा			
		महानगरपालिका क्षेत्रको दस्तुर	उपमहानगरपालिका क्षेत्रको दस्तुर	नगरपालिका क्षेत्रको दस्तुर	गाउँपालिका क्षेत्रको दस्तुर
१	**राजीनामा, सट्टापट्टा, सगोलनामा र छोडपत्रको लिखत**				
	(क) राजिनामा, सट्टापट्टा र सगोलनामाको लिखतको थैली अङ्कमा	५%	४.५%	४%	२%
	(ख) सामूहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाईको लिखतको थैली अङ्कमा	४%	३%	२%	१%
	(ग) सामूहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घर जग्गाको लिखतको थैली अङ्कमा	५%	४.५%	४%	२%
	(घ) छोडपत्र (आफ्नो हक हिस्सा	५%	४.५%	४%	२%

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

	बराबरको थैली अंकमा)				
२	दर्ताफारी (संयुक्त दर्तावाला बीचको) लिखतको थैली अङ्कमा	२.५%	२%	२%	१%
३	**हालैदेखिको वकसपत्रको लिखतको थैली अङ्कमा**				
	(क) बाजे, बज्यै, आमा, बाबु, पति, पत्नी, दाजु, भाउजु, भाइ, भाइबुहारी, दिदी, बहिनी, छोरा, छोरा-बुहारी, छोरी, छोरी-ज्वाँइ, सासु-ससुरा, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनी बुहारी, काका-काकी, मामा-माइज्यु, भान्जा-भान्जी, ठूलोबुवा, ठूलीआमा (बावु तर्फका), आमाजु, नन्द, सौता-सौता र एकै दाजु-भाइ दिदी-भाइको छोरा, छोरी, फूपू र भदा-भदै बीच।				
	(अ) रु.१ लाखसम्मको थैली अङ्कमा	१.५%	१%	१%	०.५%
	(आ) रु.१ लाखभन्दा माथि जतिसुकै	२.५%	२%	२%	१%

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

	थैली अङ्कमा				
	(ख) अन्य वकसपत्र र दानपत्रको थैली अङ्कमा	१५%	१५%	१५%	१०%
	स्पष्टीकरणः सरकारी विश्व विद्यालय, सरकारी क्याम्पस/कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकारका कार्यालय, प्रदेश सरकारका कार्यालय, स्थानीय तह तथा नेपाल सरकार र प्रदेश सरकारको नाममा प्राप्त हुने दानपत्रको लिखतमा कुनै शुल्क लाग्ने छैन।				
४	**अंशवण्डा तथा अंश भरपाईको लिखतमा**				
	(क) रु.३० लाखसम्मको थैली अङ्कमा	०.२%	०.२%	०.२%	०.२%
	(ख) रु.३० लाखभन्दा बढी रु.२ करोडसम्मको थैली अङ्कमा	०.३%	०.३%	०.३%	०.३%
	(ग) रु.२ करोडभन्दा माथिको थैली अङ्कमा	०.५%	०.५%	०.५%	०.५%
५	**मानो छुट्टिएको र मानो जोडिएको लिखत**				
	(क) मानो छुट्टिएको प्रति लिखत	१२०००।	११०००।-	१००००।-	५०००।-
	(ख) मानो जोडिएको प्रति लिखत	३००००।-	२८०००।-	२५०००।-	१५०००।-

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

६	शेषपछिको बकसपत्रको लिखत शेषपछिको बकसपत्र/अष्टलोहको प्रति लिखत				
	(क) तीन पुस्ताभित्रको	७०००।-	६०००।-	५०००।-	२०००।-
	(ख) तीन पुस्ता बाहिरको	१२०००।-	११०००।-	१००००।-	४०००।-
७	शेषपछिको बकसपत्र संशोधन वा रद्द गर्दा				
	(क) शर्त संशोधन	१२००।-	१०००।-	९००।-	६००।-
	(ख) बकसपत्र रद्द	१५००।-	१४००।-	१२००।-	१०००।-
८	अन्य लिखत (क) रकम खुलेकोमा (ख) नखुलेकोमा रकम	४% ७०००।-	३% ६०००।-	२% ४०००।-	१% २०००।-
९	**वन्धकीको लिखत** दृष्टीबन्धकी, भोगबन्धकी र लख वन्धकीको लिखतको थैली अङ्कमा	१%	१%	१%	१%
१०	**अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको लिखत**	२०००।-	२०००।-	२०००।-	२०००।-
११	**कपाली तमसुक र करारनामाको लिखत** दाखिल खारेज नहुने कपाली तमसुक र करारनामाको प्रति लिखत	१%	१%	१%	१%
१२	सि.नं. ४ को अंशबण्डा तथा अंश भरपाईको लिखत घर जग्गा भएको कुनै इलाका वा जिल्लामा पारित गर्न सकिनेछ र सो बाहेकका अन्य सि.नं.१ देखि ७ सम्मका घर जग्गा				

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

	रजिष्ट्रेशन शुल्क लाग्ने लिखतहरु अर्को इलाकामा पारित गर्न सकिने छैन।				
१३	गुठी स्थापना गरेको लिखत (प्रति लिखत)	२०००।-	१५००।-	१०००।-	५००।-
१४	मासिक एकलाख भन्दा बढी घरबहाल लिनु दिनु गरेको लिखत (प्रति लिखत) थैली अंकमा	१%	१%	१%	१%
१५	अचल सम्पत्ति फलोपभोग भएको लिखत (प्रति लिखत) थैली अंकमा	०.२५%	०.२५%	०.२५%	०.२५%

(ख) सेवा शुल्क

सि.नं.	लिखतको प्रकार	**सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा**			
		महानगरपालिका क्षेत्रको दस्तुर	उपमहानगरपालिका क्षेत्रको दस्तुर	नगरपालिका क्षेत्रको दस्तुर	गाउँपालिका क्षेत्रको दस्तुर
१	लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा प्रति लिखत डोर शुल्क/दस्तुर				
	(क) काठमाण्डौ उपत्यका क्षेत्रमा	१५०००।-	१२०००।-	१००००।-	७०००।-
	(ख) तराई क्षेत्रमा	१५०००।-	१००००।-	७०००।-	३०००।-
	(ग) अन्य क्षेत्रमा	१५०००।-	७०००।-	५०००।-	२०००।-

आर्थिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

२	<u>वित्तीय धितो:</u> नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न स्वीकृत प्राप्त बैंक, वित्तीय तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टि बन्धक लिखतमा				
	(क) रु.१,००,०००।- सम्मको लिखतको थैली अङ्कमा	१००० ।-	१०००।-	१०००।-	१०००।-
	(ख) रु.१,००,०००।- भन्दा बढी रु.५,००,००० सम्मको लिखतको थैली अङ्कमा	१५००।-	१५००।-	१५००।-	१५००।-
	(ग) रु.५,००,०००।- भन्दा बढी रु.१०,००,००० सम्मको लिखतको थैली अङ्कमा	२५००।-	२५००।-	२५००।-	२५००।-
	(घ) रु.१०,००,०००।- भन्दा बढी रु.२०,००,००० सम्मको लिखतको थैली अङ्कमा	३०००।-	३०००।-	३०००।-	३०००।-
	(ङ) रु.२०,००,०००।- भन्दा बढी रु.५०,००,००० सम्मको लिखतको थैली अङ्कमा	५०००।-	५०००।-	५०००।-	५०००।-
	(च) रु.५०,००,०००।- भन्दा बढी रु.१,००,००,००० सम्मको लिखतको थैली अङ्कमा	२००००।-	२००००।-	२००००।-	२००००।-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

	(छ) रु.१,००,००,०००।- भन्दा बढी रु.२,००,००,००० सम्मको लिखतको थैली अङ्कमा	३००००।-	३००००।-	३००००।-	३००००।-
	(ज) रु.२,००,००,०००।- भन्दा बढी रु.५,००,००,००० सम्मको लिखतको थैली अङ्कमा	६५०००।-	६५०००।-	६५०००।-	६५०००।-
	(झ) रु.५,००,००,०००।- भन्दा बढी जति सुकै थैली अङ्कमा	१०००००।	१०००००।-	१०००००।-	१०००००।-
३	<u>लीज</u> <u>सरकारी जग्गा लीजमा उपलब्ध गराउने</u> (सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ को अनुसूची-१ अनुसारको शुल्क लाग्नेछ)				
४	<u>जग्गा धनी दर्ता श्रेस्ताको प्रतिलिपीको लागि प्रति पुर्जा :</u>				
	(क) जग्गा धनी दर्ता श्रेस्ताको प्रमाणित प्रतिलिपि लागि	रु.१००।-	रु.१००।-	रु.१००।-	रु.१००।-
	(ख) जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि	रु.२०००।-	रु १५००।-	रु.१०००।-	रु. ८००।-
५	<u>**दाखिला खारेज शुल्क**</u>				
	(क) करार अनुसार लिखत पारित गर्न ठहऱ्याएको फैसला वा मिलापत्र अनुसारको दाखिला खारेज गर्दा	५%	४.५%	४%	२%
	(ख) अन्य मिलापत्र (अंश र अपुताली बाहेक) को	५%	४.५%	४%	२%

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बाग्मती प्रदेश

	दाखिला खारेज गर्दा				
	(ग) बैंक तथा वित्तीय संस्था वा सहकारी संघ संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैंक तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाममा दाखिला खारेज गर्दाको थैली अङ्कमा	५%	४.५%	४%	२%
	(घ) बैंक वित्तीय संघ संस्था वा सहकारी संघ संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी ऋणीकै नामबाट बैंक तथा वित्तीय संघ संस्था वा सहकारी संघ संस्थाले आफ्नो नाममा दाखिला खारेज गर्दा प्रति मिसिल	७०००।-	६०००।-	५०००।-	२०००।-
	(ङ) बैंक वित्तीय संस्था वा सहकारी संघ संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैंक तथा संघ संस्था आफैले सकार गरेपछि सम्बन्धित ऋणीलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा	२.५%	२%	२%	२%
	(अ) अदालत वा न्यायिक	५०००।-	३०००।-	१०००।-	५००।-

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

	निकायको फैसला बमोजिम लिलाम बढाबढ गरी दाखिला खारेज गर्दा प्रति मिसिल				
	(च) शेषपछिको बकसपत्रको दाखिला खारेज				
	(अ) तीन पुस्ताभित्रको भए	अंशवण्डा सरह	अंशवण्डा सरह	अंशवण्डा सरह	अंशवण्डा सरह
	(आ) तीन पुस्ता बाहिरको भए(थैली अंकमा)	राजीनामा सरह	राजीनामा सरह	राजीनामा सरह	राजीनामा सरह
६	**नामसारी**				
	(क) तीन पुस्ता भित्रको नामसारी गर्दा	१५००।-	१२००।-	१०००।-	५००।-
	(ख) तीन पुस्ता बाहिरको नामसारी गर्दा	३५००।-	३०००।-	३०००।-	१५००।-
७	हाल साविक				
	पुनः नापजाँच पछिको श्रेस्ता हाल साविक तथा अद्यावधिक गर्दा प्रति मिसिल	२०००।-	१५००।-	१२००।-	८००।-
८	घर कायम				
	श्रेस्ता पुर्जामा घर जनाउने प्रति निवेदन	२५००।-	२०००।-	२०००।-	५००।-
९	संशोधन दस्तुर				
	मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (३) अनुसारको विवरणमा संशोधन गर्नु पर्दा प्रति मिसिल	१०००।-	८००।-	७००।-	४००।-
१०	रोक्का दस्तुर				
	(क) लिखत रजिष्ट्रेशन भएकोमा (थैली अङ्क	नलाग्ने	नलाग्ने	नलाग्ने	नलाग्ने

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

	जतिसुकै भए पनि)				
	(ख) लिखत रजिष्ट्रेशन नहुनेमा				
	(अ) रु.१,००,०००।- सम्मको ऋण अङ्कमा	५००।-	४००।-	३००।-	२००।-
	(आ) रु.१,००,०००।- भन्दा बढी रु. ५,००,०००।- सम्म	८००।-	७००।-	५००।-	३००।-
	(इ) रु. ५,००,०००।- माथिको जतिसुकै ऋण अङ्कमा	१०००।-	८००।-	७००।-	५००।-
	(ई) ऋण अङ्क नखुलेकोमा	५०००।-	४०००।-	३०००।-	२०००।-

(ग) विविध

१	अधिकारनामा र शेषपछिको बकसपत्र लिखत बाहेक अन्य सबै प्रकारको लिखतमा थैली अङ्क अनिवार्य खुलाउनु पर्नेछ।
२	काठमाडौं उपत्यकाभित्रका महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका क्षेत्रभित्रको पारित हुने लिखतमा घरजग्गा रजिष्ट्रेशन शुल्कको सि.नं. १, २ र ३ मा उल्लेख गरिएको रजिष्ट्रेशन लिखतको थैली अङ्कको (०.५) शून्य दशमलव पाँच प्रतिशत शुल्क बागमती सभ्यता क्षेत्र सुधार तथा विकास शुल्क असुल गरिनेछ।
३	स्वदेशी लगानीका जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षी पालन, अलैची खेती, जडीबुटी खेती एवं फलफूल उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचहत्तर प्रतिशत छुट हुनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिबाना गर्नु पर्नेछ।
४	स्वदेशी लगानीका सामूहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले व्यक्तिहरु मिली जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित भएमा सो मा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचहत्तर प्रतिशत छुट हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

	तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिबाना गर्नु पर्नेछ।
५	स्वदेशी लगानीका सूर्ती, गुड्खा, पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्ने उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिबाना गर्नु पर्नेछ।
६	(क) कृषि ऋण बीमा संस्थान बीमा समितिबाट स्वीकृति प्राप्त बीमा कम्पनी विश्वविद्यालय, बैक तथा वित्तीय संस्थाहरुले आफ्ना बहालवाला कर्मचारीहरुलाई सेवा शर्त बमोजिम दिने ऋण सुविधाको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ। तर सेवा शुल्क रु. १०००।- लाग्नेछ। उल्लिखित संघ संस्थासँग सम्बन्धित एजेन्टलाई यस बुँदाको व्यवस्था बमोजिमको सुविधा प्रदान गर्नका लागि मालपोत कार्यालय बाध्य हुने छैन।
	(ख) कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित वचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरुलाई ऋण सुविधा उपलब्ध गराउँदा लिने धितोको दृष्टि बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ। तर सेवा शुल्क रु.१०००।-लाग्नेछ।
७	(क) सहकारी ऐन, २०७४ बमोजिम दर्ता भै संचालनमा रहेका सहकारी संस्थाहरुले आफ्ना शेयर सदस्यहरुबीच ऋण लगानी/प्रवाह गर्दा तीस लाख रुपैंयासम्मको थैली अंकमा रोक्का दस्तुर बाहेक सेवा शुल्क वापत रु. ५००।- लाग्नेछ। सो भन्दा माथिको थैली अंकमा खण्ड (ख) सेवा शुल्क महलको सि.नं. २ बमोजिमको सेवा शुल्क लाग्ने छ।
	(ख) बैकिङ्ग तथा वित्तीय व्यवसाय र बीमा व्यवसाय गर्ने एकै प्रकृतिका निकायहरु साथै सहकारी संघ/संस्थाहरु एक आपसमा गाभिएमा संस्थाहरुले सो प्रयोजनका लागि घर जग्गाको एकत्रित गर्दा संशोधन दस्तुर बाहेक अन्य दस्तुर/शुल्क लाग्ने छैन।
८	जनआन्दोलन पहिलो, दोश्रो, जनयुद्ध र मधेश आन्दोलनमा सहादत प्राप्त गरेका शहीदका आश्रित पति, पत्नी, छोरा र छोरी तथा माता-पिताको नाममा स्वामित्व प्राप्त हुने गरी पारीत हुने लिखतमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारको दस्तुर र शुल्क पूर्ण रुपमा छुट हुनेछ।
९	अपाङ्गता भएका व्यक्ति, दलित एवं पिछडिएका तथा अल्पसंख्यक, सिमान्तकृत जाति भनी स्थानीय तहबाट प्रमाणित भएको सिफारिस वा आधिकारिक प्रमाणका आधारमा तिनिहरुको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐन बमोजिम असुल गरिने घरजग्गा रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ।
	(क) महिला, सत्तरी वर्ष भन्दा बढी उमेरका ज्येष्ठ नागरिक र नाबालकको नाममा जुनसुकै

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१०	प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ। तर एकल महिलाको हकमा भने पैंतीस प्रतिशत छुट हुनेछ। (ख) गाउँपालिकाको क्षेत्रभित्रको जग्गामा महिलाको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पैंतीस प्रतिशत छुट हुनेछ। (ग) देहायको स्थानमा पचास प्रतिशत छुट हुनेछ।
	(अ) रसुवा जिल्लाको सदरमुकाम बाहेक।
	(आ) दोलखा जिल्लाका लामाबगर, गौरीशंकर, आलम्पु, मार्बु, स्यामा, वगु, खारे र चिलंखा साविकको गाउँ विकास समितिको हकमा।
	(इ) धादिङ जिल्लाका सेर्तुङ, तिप्लीङ, री, लप्पा, ओलाङ, सत्यदेवी, दार्खा, वसेरी, बुढाथुम, मूलपानी, फूलखर्क, सल्यानकोट र गुम्दीसाविकको गाउँ विकास समितिको हकमा।
	(ई) सिन्धुपाल्चोक जिल्लाको तातोपानी, गुम्बा, गोल्चे र फुल्पीङकट्टी साविकको गाउँ विकास समितिको हकमा।
	(घ) हाल पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति-पत्नी दुवैको संयुक्त स्वामित्वको रुपमा लिखत गर्न चाहेमा साविकको थैली अंक कायम गरी सो संगोलनामाको लिखतमा रु. १००।- मात्र रजिष्ट्रेशन दस्तुर लाग्नेछ।
	(ङ) ३०० जना भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कको लिखतमा पचास प्रतिशत छुट हुनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिबाना गर्नु पर्नेछ।
११	भूमिहीन मुक्त कमैया र मुक्त हलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरिद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर पूर्ण रुपमा छुट हुनेछ।
१२	बैंक, वित्तीय एवं सहकारी संघ वा संस्था र अदालतबाट भई आएको मिलापत्र अनुसार दाखिला खारेज गर्नु पर्दा सेवा दस्तुर असुल गर्ने प्रयोजनको लागि मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैंक, वित्तीय एवं सहकारी संघ संस्थाको पत्रमा उल्लेख भएको मूल्य मध्ये जुन बढी हुन्छ सोहीलाई कायम गर्नु पर्नेछ।
१३	मालपोत कार्यालयहरुले संकलन गर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क मध्येबाट मालपोत/भूमि

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

	सुधार/नापी कार्यालयहरुको संस्थागत सुदृढीकरण तथा श्रेस्ता व्यवस्थापनको लागि दुई प्रतिशत कट्टा गरी सो समेत प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।
१४	प्रदेश सरकारले चाहेमा धार्मिक तथा सामाजिक हितका निमित्त स्थापित नेपालमा दर्ता भएका संघ संस्थाले आफ्नो नाउँमा निःशुल्क रुपमा प्राप्त गर्ने जग्गाको लिखत पारित गर्दा पचास प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिन सक्नेछ। तर यस बुँदा बमोजिम छुट दिंदा प्रदेश सरकारको राजस्वको अवस्था तथा सम्बन्धित विषयमा पर्याप्त अध्ययन गरेर मात्र छुट दिनु पर्नेछ। सबै संघ संस्था वा निकायलाई छुट दिन प्रदेश सरकार बाध्य हुने छैन।
१५	सहकारी ऐन बमोजिम दर्ता भएका सहकारी संघ/संस्थाहरुले संस्थाको प्रयोजनका लागि मात्र काठमाडौं उपत्यकामा १ रोपनी, पहाडी क्षेत्रमा २ रोपनी र भित्री मधेशमा ३ कठ्ठासम्म जग्गा र भवन खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क सम्वन्धित स्थानीय तह, सहकारी विभाग, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको क्षेत्राधिकारको सिफारिसमा पूर्ण रुपमा छुट हुनेछ। कृषि व्यवसायमा आधारित सहकारी संघ/संस्थाहरुले सहकारी मार्फत उत्पादन, प्रशोधन र बजारीकरण प्रयोजनको लागि आवश्यक पर्ने जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क सम्बन्धित स्थानीय तह, सहकारी विभाग र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले छुट दिन सक्नेछ। तर त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन शुल्क छुट सुविधामा खरिद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा बाहेक बिक्री गरेमा पहिले छुट दिएको रजिष्ट्रेशन शुल्क असुल उपर गरिनेछ।
१६	विविधको क्रम संख्या ८, ९, १० र ११ बमोजिम छुट दिँदा एकै व्यक्तिलाई एकभन्दा बढी आधारमा छुट पाउने भएमा सबैभन्दा बढी कुनै एकमात्र छुट दिइने छ।
१७	एउटै कारोबारबाट पचास लाख रुपैंया वा सो भन्दा माथिको घर वा जग्गा खरिद बिक्री गर्दा क्रेताले बैंकबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट) भनी छाप लागेको चेकको फोटोकपी पेश गरेपछि वा बिक्रेताका नाममा बैकमा रहेको खातामा रकम जम्मा गरेको बैंक भौचरको फोटोकपी पेश गरेपछि मात्र मालपोत कार्यालयले लिखत पारित गर्नेछ।
१८	पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेशन शुल्क छुट दिइनेछ।
१९	तीन पुस्ताभित्र छोरी वा नातिनीहरुमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा क्रम संख्या २ मा उल्लिखित छोडपत्रको दररेटको आधा शुल्क लाग्नेछ।
२०	नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको अर्को कुनै निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नु पर्दा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

२१	कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको कुनै निकायलाई निःशुल्क रुपमा प्राप्त भएमा वा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको कुनै पनि निकायले खरिद गरी लिएमा सोमा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन।
२२	वैदेशिक रोजगारीबाट बैंकिङ्ग प्रणाली मार्फत रेमिट्यान्स प्राप्त भएको बैंकको प्रमाणित कागजातको आधारमा त्यस्तो रेमिट्यान्सबाट खरिद हुने जग्गाको लिखतमा पच्चीस प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिइनेछ। तर एकासंगोल परिवारको नाममा बाहेक खरिद हुने जग्गाको लिखतको हकमा यो प्रावधान लागू हुने छैन।
२३	गुठी संस्था दर्ता गर्दा सेवा शुल्क वापत रु. १०००।- लाग्नेछ।
२४	अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ बमोजिम मालपोत कार्यालयबाट संकलित रजिष्ट्रेशन दस्तुर वापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको ख-६ विविध खातामा जम्मा गरी प्रत्येक महिना समाप्त भएपछि संकलित रकमको चालीस प्रतिशत प्रदेशलाई र साठी प्रतिशत सम्बन्धित स्थानीय तहहरुलाई बाँडफाँट गर्नु पर्नेछ।
२५	विविधको सि.नं. ३, ४ र ५ को छुट पाउने संस्था वा निकायले आफ्नो निकायको कार्य प्रकृतिसँग सम्बन्धित कागजातको साथै सो प्रमाणित हुने सम्बन्धित स्थानीय तहको सिफारिस पनि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ र सि.नं. १०(ङ) को हकमा सम्बन्धित स्थानीय तहको अतिरिक्त श्रम कार्यालयको सिफारिस समेत पेश गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-२

(दफा ३ सँग सम्बन्धित)

सवारी साधन कर, सवारी चालक अनुमतिपत्र दस्तुर, बाटो इजाजत पत्र दस्तुर तथा आवेदन तथा नवीकरण शुल्क

१. सवारी साधन कर

सि.न.	सवारी साधनको विवरण	बार्षिक सवारी कर
(१) **निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-**		
(क) कार, जिप, भ्यान, माइक्रो बस		
	(अ) १००० सि.सि. सम्म	रु. २१०००।-
	(आ) १००१ देखि १५०० सि.सि. सम्म	रु. २३५००।-
	(इ) १५०१ देखि २००० सि.सि. सम्म	रु. २५५००।-
	(ई) २००१ देखि २५०० सि.सि. सम्म	रु. ३५५००।-
	(उ) २५०१ देखि २९०० सि.सि. सम्म	रु. ४१०००।-
	(ऊ) २९०१ देखि माथि सबै	रु. ५८५००।-
(ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनिटिपर		
	(अ) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण	रु. ३८५००।-
	(आ) मिनिटिपर	रु २७५००।-
(ग) ट्रेक्टर, पावर टिलर		
	(अ) थ्री ह्वीलर र टेम्पो	रु. ५५००।-
	(आ) ट्रेक्टर	रु. ५०००।-
	(इ) पावर टीलर (गैर कृषि प्रयोजनमा लागि बार्षिक कर दर	रु. ३५००।-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

	रु.१५०००।- हुने)	
	(ई) मिनिट्रक/मिनिबस	रु.२४५००।-
	(उ) ट्रक/बस	रु.३३०००।-
(घ) मोटर साइकल/स्कुटर		
	(अ) १२५ सि.सि. सम्म	रु. २८००।-
	(आ) १२६ सि.सि. देखि १६० सि.सि. सम्म	रु. ४५००।-
	(इ) १६१ सि.सि. देखि २५० सि.सि. सम्म	रु. ५५००।-
	(ई) २५१ सि.सि. देखि ४०० सि.सि. सम्म	रु. ९०००।-
	(उ) ४०१ सि.सि. र देखि ६५० सि.सि. सम्म	रु. २००००।-
	(ऊ) ६५१ सि.सि. देखि माथि	रु. ३००००।
(२) भाडामा दर्ता भएको सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-		
(क) कार, जिप, भ्यान, माइक्रो बस		
	(अ) १३०० सि.सि. सम्म	रु. ९०००।-
	(आ) १३०१ देखि २००० सि.सि. सम्म	रु. १००००।-
	(इ) २००१ देखि २९०० सि.सि. सम्म	रु. १२५००।-
	(ई) २९०१ देखि ४००० सि.सि. सम्म	रु. १४५००।-
	(उ) ४००१ देखि माथि सवै	रु. १७०००।-
(ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनिटिपर		रु.१९०००।-
(ग) ट्रेक्टर, पावर टिलर		
	(अ) थ्री ह्वीलर र टेम्पो	रु. ५५००।-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

	(आ) ट्रेक्टर	रु. ५०००।-
	(इ) पावर टीलर (ई) (गैर कृषि प्रयोजनमा लागि बार्षिक कर दर रु.१५०००।- हुने)	रु. ३५००।-
	(उ) मिनिट्रक/मिनिबस	रु. १३५००।-
	(ऊ) मिनिटिपर	रु. १५५००।-
	(ऋ) ट्रक/बस	रु. १८०००।-
	(ऌ) ट्यांकर	रु १८०००।-
(३) <u>निजी विद्युतीय सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ</u> :-		
(क) मोटर साइकल/स्कुटर		
	(अ) ३५० वाट देखि १००० वाट सम्म	रु. १५००।-
	(आ) १००१ वाट देखि १५०० वाट सम्म	रु. २०००।-
	(इ) १५०१ वाट भन्दा माथि	रु. ३०००।-
(ख) कार, जिप, भ्यान, माइक्रो बस		
	(अ) ५० किलोवाट देखि १२५ किलोवाट सम्म	रु. १५०००।-
	(आ) १२६ किलोवाट देखि २२५ किलोवाट सम्म	रु. २००००।-
	(इ) २२६ किलो वाट भन्दा माथि	रु. ३००००।-

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

२. प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन २०७५, (संशोधन सहित) बमोजिम निम्न अनुसारको दस्तुर तोकिएको छ।

अ. सवारी चालक अनुमति पत्र तथा आवेदन दस्तुर

वर्ग	सवारीको किसिम	आवेदन दस्तुर (रुपैयाँमा)	सवारी चालक अनुमति पत्र, नवीकरण दस्तुर (रुपैयाँमा)	वर्ग थप (रुपैयाँमा)
क. A	मोटरसाइकल स्कुटर, मोपेड Motorcycle, Scooter, Mopped	५००।-	१५००।-	५००।-
K	स्कुटर Scooter	५००।-	१५००।-	५००।-
ख B	कार, जीप, डेलिभरी भ्यान Car, Jeep, Delivery Van	५००।-	२०००।-	५००।-
ग C	टेम्पो, अटोरिक्सा Tempo, Auto Rikshaw	५००।-	२०००।-	५००।-
घ D	पावर टिलर Powertillar	५००।-	२०००।-	५००।-
ङ E	ट्र्याक्टर Tractor	५००।-	२०००।-	५००।-
च F	मिनिवस, मिनी ट्रक Mini Bus, Mini Truck	५००।-	२५००।-	५००।-
छ G	ट्रक/बस /लहरी Truck, Bus, Lorry	५००।-	३०००।-	१०००।-
ज H	रोडरोलर, डोजर Road Roller, Dozer H1=Dozer H2=Road Roller	५००।-	३०००।-	१०००।-
झ I	क्रेन, दम्कल, लोडर I1=Crane I2= Fire Brigade I3= Loader	५००।-	३०००।-	१०००।-
J	J1=Excavator J2=Backhoe Loader J3=Grader, J4=Forklift, J5=Other	५००।-	३०००।-	१०००।-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

आ. सवारी साधन दस्तुर तर्फ

क. सवारी दर्ता र सरुवा दर्ता दस्तुर

क्र.सं.	सवारीको वर्गीकरण		सवारीको किसिम	दस्तुर (रुपैयाँमा)
१.	ठूला सवारी		निजी	१५००।-
			सार्वजनिक	२५००।-
२	मझौला सवारी		निजी	१०००।-
			सार्वजनिक	१५००।-
३.	साना सवारी	(क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावरटिलर	निजी	१०००।-
			सार्वजनिक	१५००।-
		(ख) मोटर साइकल, स्कुटर	निजी	५००।-
			सार्वजनिक	५००।-

स्पष्टीकरण : पर्यटक सवारी र संस्थानको सवारी दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ ।

ख. सवारीको अस्थायी दर्ता दस्तुर

क्र.सं.	सवारीको बर्गीकरण		सवारीको किसिम	दस्तुर (रुपैयाँमा)
१.	ठूला सवारी		निजी	१०००।-
			सार्वजनिक	१५००।-
२	मझौला सवारी		निजी	८००।-
			सार्वजनिक	१२००।-
३.	साना सवारी	(क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावरटिलर	निजी	५००।-
			सार्वजनिक	१०००।-
		(ख) मोटर साइकल, स्कुटर	निजी	९००।-
			सार्वजनिक	५००।-

स्पष्टीकरण : पर्यटक सवारी र संस्थानको सवारी दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

ग. विदेशमा दर्ता भएका सावरी चलाउने अनुमति पत्र दस्तुर

क्र.सं.	सवारीको वर्गीकरण	दस्तुर (रुपैयाँमा)
१.	ठूला सवारी र मझौला सवारी	१५००।-
२.	साना सवारी	५००।-

घ. दर्ता प्रमाणपत्र नवीकरण दस्तुर

क्र.सं.	सवारीको बर्गीकरण		सवारीको किसिम	दस्तुर (रुपैयाँमा)
१.	ठूला सवारी		निजी	२००।-
			सार्वजनिक	८००।-
२	मझौला सवारी		निजी	३००।-
			सार्वजनिक	५००।-
३.	साना सवारी	(क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावरटिलर	निजी	२००।-
			सार्वजनिक	३००।-
		(ख) मोटर साइकल, स्कुटर	निजी	१००।-
			सार्वजनिक	५००।-

स्पष्टीकरण : पर्यटक सवारी र संस्थानको सवारी दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ ।

ङ. सवारीको नामसारी र धनीको मृत्यु भएको सवारीको नामसारी दस्तुर

क्र.सं.	सवारीको वर्गीकरण		सवारीको किसिम	दस्तुर (रुपैयाँमा)
१.	ठूला सवारी		निजी	८००।-
			सार्वजनिक	१५००।-
२	मझौला सवारी		निजी	६००।-
			सार्वजनिक	१०००।-
३.	साना सवारी	(क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावरटिलर	निजी	५००।-
			सार्वजनिक	८००।-
		(ख) मोटर साइकल, स्कुटर	निजी	२००।-
			सार्वजनिक	३००।-

स्पष्टीकरण : पर्यटक सवारी र संस्थानको सवारी दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

च. बाटो इजाजतपत्र दस्तुर (नवीकरण समेत, चौमासिक)

क्र.सं.	दूरी (कि.मि)	सवारीको वर्गीकरण	
		ठूला र मझौला बस मिनिबस आदि (रु.)	ठूला र मझौला ट्रक, मिनिट्रक आदि (रु.)
१.	१ देखि ५० कि.मि. सम्म	५००।-	६००।-
२.	५१ देखि १०० कि.मि. सम्म	६००।-	७००।-
३.	१०१ देखि १५० कि.मि. सम्म	८००।-	९००।-
४.	१५१ देखि २०० कि.मि. सम्म	९००।-	११००।-
५.	२०१ देखि २५० कि.मि. सम्म	१०००।-	१२००।-
६.	२५१ देखि ३०० कि.मि. सम्म	१२००।-	१३००।-
७.	३०१ देखि ३५० कि.मि. सम्म	१३००।-	१५००।-
८.	३५१ देखि ४०० कि.मि. सम्म	१४००।-	१६००।-
९.	४०१ देखि ४५० कि.मि. सम्म	१५००।-	१७००।-
१०.	४५१ देखि ५०० कि.मि. सम्म	१७००।-	१९००।-
११.	५०१ देखि ५५० कि.मि. सम्म	२१००।-	२०००।-
१२.	५५१ देखि ६०० कि.मि. सम्म	२२००।-	२१००।-
१३.	६०१ देखि ६५० कि.मि. सम्म	२३००।-	२३००।-
१४.	६५१ देखि ७०० कि.मि. सम्म	२५००।-	२४००।-
१५.	७०१ कि.मि. भन्दा माथी	२८००।-	२६००।-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

छ. पाँच सिटभन्दा बढी चौध सिटसम्म क्षमता भएको सार्वजनिक सवारीको लागि बाटो इजाजत दस्तुर (नवीकरण दस्तुर)

क्र.सं.	दूरी	चौमासिक रकम दस्तुर (रुपैयाँमा)
१.	१ देखि ५० कि.मि. सम्म	४००।-
२.	५१ देखि १०० कि.मि. सम्म	५००।-
३.	१०१ देखि १५० कि.मि. सम्म	६००।-
४.	१५१ देखि २५० कि.मि. सम्म	७००।-
५.	२५१ देखि ३०० कि.मि. सम्म	८००।-

ज. तोकिएको निश्चित बाटो (रुट) वा क्षेत्रभित्र सञ्चालनार्थ लाग्ने बाटो दस्तुर

क्र.सं.	सवारीको वर्गीकरण	दस्तुर (रुपैयाँमा)
१.	चौध सिट वा सो भन्दा मुनिका (मिटरवाला बाहेक) हलुका सार्वजनिक सवारी र एक टनसम्म क्षमता भएको ट्याक्टर, पावर टिलर	५००।-
२.	मिटर भएको ट्याक्सी	५००।-
३.	मिटर भएको टेम्पो	४००।-

झ. जाँचपास प्रमाणपत्रको दरखास्त दस्तुर

क्र.सं.	सवारीको वर्गीकरण	दस्तुर (रुपैयाँमा)
१.	ठूला सवारी	३००।-
२.	मझौला सवारी र साना सवारी	२००।-

ञ. यातायात सेवाको नाम पञ्जिकृत दस्तुर

क्र.सं.	पुँजी	दस्तुर (रुपैयाँमा)
१.	रु पन्ध्र लाखभन्दा कमको लागि	१०००।-
२.	रु पन्ध्र लाखभन्दा बढी रु पचास लाखभन्दा कमको लागि	२५००।-
३.	रु पचास लाखभन्दा बढी जतिसुकै भएपनि	४०००।-

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

तर थप गर्न प्रति सवारी साधन साना सवारी रु.५००।-, मझौला सवारी रु १०००।- ठुला सवारी साधन रु.१५००।- लाग्ने छ ।

ट. यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको नवीकरण दस्तुर

क्र.सं.	पुँजी	दस्तुर (रुपैयाँमा)
१.	रु. पन्ध्र लाखभन्दा कमको लागि	१०००।-
२.	रु. पन्ध्र लाखभन्दा बढी रु पचास लाखभन्दा कमको लागि	३०००।-
३.	रु. पचास लाखभन्दा बढी जतिसुकै भए पनि	५०००।-

तर थप गर्न प्रति सवारी साधन साना सवारी रु.५००।-, मझौला सवारी रु १०००।- ठूला सवारी साधन रु.१५००।- लाग्ने छ ।

ठ. प्रशिक्षण केन्द्र, कारखाना, वर्कशप सञ्चालन अनुमतिपत्र दस्तुर

क्र.सं.	पुँजी	दस्तुर (रुपैयाँमा)
१.	रु दुई लाखभन्दा कमको लागि	१०००।-
२.	रु दुई लाखभन्दा बढी रु पाँच लाखभन्दा कमको लागि	१५००।-
३.	रु पाँच लाखभन्दा बढी रु दश लाखभन्दा कमको लागि	२५००।-
४.	रु दश लाख देखि माथि जतिसुकै भएपनि	४०००।-

३. विविध

सि.नं.	विवरण
(१)	तपसिलमा उल्लेख भएका सवारी साधनहरुलाई भाडामा दर्ता भएका सवारी साधनमा लाग्ने सरह कर लाग्ने छ-: (क) नेपाल सरकार र प्रदेश सरकारको नाउँमा दर्ता भएका, (ख) स्थानीय तह र जिल्ला समन्वय समितिको नाउँमा दर्ता भएका, तर पर्यटक सवारी र संस्थानको नाउँमा दर्ता भएकाको हकमा निजी सरह लाग्ने छ।
(२)	भाडामा दर्ता हुने विद्युतीय माध्यमबाट सञ्चालित सवारी साधनमा सवारी साधन कर लाग्ने छैन। पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ।
(३)	सुरु पैठारी मितिले एक बर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

	कर कट्टा गरिनेछ। तर व्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन।
(४)	सवारी साधन बिग्रेको वा अन्य कुनै कारणबाट सो सवारी साधन चलाउन नपाएको भनी प्रदेश सरकारले ठहऱ्याएको कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सवारी साधनलाई सवारी साधन कर लाग्ने छैन।
(५)	साविक बागमती अञ्चलमा दर्ता भई उत्पादनका मितिले पन्ध्र वर्षभन्दा पुराना २० वर्ष नकाटेका सवारी साधनहरुलाई लाग्ने सवारी साधन करमा चौध वर्षभन्दा बढीको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप गरी सवारी साधन कर लाग्नेछ। तर यस्तो थप गरिएको रकम सवारी साधनको लागि तोकिएको कर रकमभन्दा बढी हुने छैन।
(६)	भाडाका बस, मिनीबस तथा माइक्रो बसका सवारी साधनले विद्यार्थी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिलाई सहुलियतको रुपमा भाडाका छुट दिएबापत त्यस्ता सवारी साधनका धनीले तिर्नु पर्ने सवारी साधन करमा साठी प्रतिशत छुट पाउने छन्।
(७)	जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ट रुपमा पाँच वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नवीकरण गराउन सक्नेछन्। यसरी अग्रिम रुपमा पाँच वर्षको सवारी साधन कर एकमुष्ट बुझाई नवीकरण गराएमा लाग्ने सवारी साधन करमा दस प्रतिशत छुट हुनेछ।
(८)	सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नु पर्ने सवारी साधन कर लाग्ने छैन।
(९)	यस ऐनमा अन्य जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन।
(१०)	दश लाख रुपैयाँ भन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नु पर्नेछ।
(११)	यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाइएका १५० सी.सी सम्मका स्कुटरमा सवारी साधन कर लाग्ने छैन।
(१२)	नेपालमा हाल सञ्चालनमा रहेका पुराना ट्रकलाई नेपालमा नै बन्द कन्टेनरको रुपमा रुपान्तरण गर्न निवेदन दिने सवारी साधनका धनीलाई निजले बुझाउनु पर्ने सवारी साधन कर बापत पचास हजार रुपैंयाँ वा चार वर्षको सवारी साधन

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

	कर वापत हुन आउने रकममध्ये जुन घटी हुन्छ सो बराबरको रकम छुट दिइनेछ। तर यस्तो छुट सुविधा दश वर्ष भन्दा पुराना ट्रकहरुलाई दिइने छैन।
(१३)	प्रदेश सरकारले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनको हकमा उक्त सवारी साधन जफत गरेदेखि लिलाम प्रक्रिया समाप्त भएसम्मको अवधिको कर लाग्ने छैन।
(१४)	नेपाल सरकारको निर्णयानुसार COVID 19 को कारण २०७६ साल चैत महिनाको एघार गतेबाट शुरु भएको बन्दावन्दी देखि सो समाप्त हुने दिन सम्मको अवधिलाई विशेष अवधि मानी सो अवधिभर सवारी तथा यातायात व्यवस्था ऐन तथा प्रचलित नियम बमोजिम प्रदान गरिने सेवाहरुमा बन्दाबन्दी खुलेको दिन देखि निजी सवारीको हकमा ५० दिन र भाडाका सवारीको हकमा ७५ दिन नवीकरण अवधि थप गरिएको छ। सो अवधि भित्र नवीकरण गराउनेहरुको लागि बन्दाबन्दीका अवधिमा लाग्ने जरिबाना छुट हुनेछ।
(१५)	पाँच वर्ष भन्दा बढी अवधिको सवारी साधन कर नतिरी नवीकरण समेत नभएका तथा सवारीको भौतिक अस्तित्व समेत नरहेको तर कार्यालयको अभिलेखमा रही रहेको सवारी धनीहरुले २०७७ साल मंसिर मसान्त सम्म सवारी साधन कर बुझाएमा सो मा लाग्ने दस्तुरको जरिबाना छुट गरिनेछ । सो अवधिभित्र नबुझाएमा कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।
(१६)	बागमती प्रदेश बाहेक अन्य प्रदेशमा सवारी साधन दर्ता गरी सञ्चालनमा रहेका र बागमती प्रदेशभित्र सरुवा सहमति लिई स्थानान्तरण गर्न चाहनेहरुका लागि अन्य प्रदेशमा दाखिला गरेको सवारी साधन कर र यस प्रदेशमा लाग्ने करको रकम फरक पर्ने रकम वढी हुने भएमा सो फरक करमा लाग्ने जरिबाना छुट हुनेछ र लाग्ने करमा पच्चिस प्रतिशत छुट दिईनेछ।
(१७)	बागमती प्रदेश भित्रका ट्राफिक प्रहरी कार्यालयहरुले संकलन गर्ने यातायात तथा सवारी साधन सम्वन्धी दण्ड जरिबाना प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

अनुसूची-३
(दफा ४ सँग सम्बन्धित)

मनोरञ्जन कर

सि.नं.	विवरण	करको दर
१	चलचित्र घरमा चलचित्र प्रदर्शन गर्दा दर्शकहरुबाट प्रति टिकट	५%
२	भिडियो घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट, थिएटर/नाटक घर, फनपार्क, वाटर गार्डेन, बाल उद्यान, दोहोरी साँझ, डान्सबार, क्यासिनो, फुटसल, जुम्बा, स्वीमिङ पुल, नाईट क्लव, पार्क प्रवेश लगायतकामा प्रति टिकट/बिल	५%

	विवरण	कार्यक्रमको विवरण	स्थानीय तह अनुसार करको दर (रुपैयामा)		
			महानगर/उपमहानगर पालिका	नगरपालिका	गाउँपालिका
३	मेला (सकर्स, खेल समावेश मेला, जादु, चटके)	१ दिनको	५०००।-	४०००।-	२०००।-
		२ देखी ७ दिनसम्म	२५०००।-	२००००।-	१००००।-
		८ देखि १५ दिनसम्म	४००००।-	३००००।-	१५०००।-
		१६ देखि ३० दिनसम्म	६००००।-	४५०००।-	२००००।-
		३० दिन भन्दा बढी	१०००००।-	७५०००।-	३००००।-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची-४

(दफा ६ सँग सम्बन्धित)

कृषि आयमा कर

सि.नं.	आयको वर्गीकरण	करको दर
(क)	कुल आय रु. ५,००,००० सम्म	शून्य दर
(ख)	कुल आय रु. ५,००,००१ देखि ५०,००,००० सम्म	१.५ प्रतिशत
(ग)	कुल आय रु. ५०,००,००१ देखि १ ००००००० सम्म	१.७५ प्रतिशत
(घ)	कुल आय रु. एक करोडभन्दा माथि	२ प्रतिशत

१. कृषि आयमा कर भूमि, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत रहेका जिल्ला स्तरका कृषि ज्ञान केन्द्र मार्फत संकलन गरिनेछ ।

२. वार्षिक पाँच लाख रुपैयाँभन्दा बढीको प्रारम्भिक कृषि उपजबाट आय आर्जन गर्ने प्राकृतिक व्यक्तिले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सम्बन्धित केन्द्रमा स्वयम् कर घोषणा गरी आय विवरण र सोमा लाग्ने कर सहित पेश गर्नु पर्दछ। यसरी पेश हुन आएका विवरण तथा कर दाखिला सम्बन्धी विवरण सम्बन्धित केन्द्रले अर्को महिनाको तीस गते भित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

अनुसूची-५

(दफा ९ सँग सम्बन्धित)

ढुङ्गा, गिटी, बालुवा, माटो, दहत्तर बहत्तर शुल्क

सि.न.	विवरण	इकाई	दर (रुपैंया)
१	माटो *(स्वीकृत खानी क्षेत्र बाहेकमा)*	प्रति घन फिट	२।५०
२	ढुङ्गा, चुनढुङ्गा, खरिढुङ्गा, गिट्टी, ग्राभेल, रोडा, बालुवा *(स्वीकृत खानी क्षेत्र बाहेकमा)*	प्रति घन फिट	९।-
३	स्लेट *(स्वीकृत खानी क्षेत्र बाहेकमा)*	प्रति वर्ग फिट	९।-
४	दहत्तर बहत्तर सामाग्रीको बिक्री मूल्यमा दश प्रतिशत शुल्क लाग्नेछ ।		
५	सि.नं. १ को माटो घाटगद्दी एवं बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक) को शूल्क रु २।५० प्रति क्यूफिट दर तोकिएकोमा धेरै मात्रामा माटो प्रयोग हुने उद्योग (जस्तो इट्टा उद्योग) हरुलाई उद्योगको क्षमताको आधारमा सम्बन्धित स्थानीय तहले वार्षिक रुपमा शूल्क निर्धारण गर्न सक्नेछ। यसरी वार्षिक शुल्क निर्धारण गर्दा जोडिएका स्थानीय तहहरुसँग समेत आवश्यक समन्वय गर्नु पर्नेछ।		
६	व्यक्तिको निजी जग्गाबाट माटो बिक्री गर्दा जग्गा धनीले नै कति घनफिट माटो बिक्री गर्ने हो यकिन गरी सम्बन्धित स्थानीय तहमा निवेदन गर्नु पर्नेछ। सो सम्बन्धमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले निर्णय गरी वार्षिक रुपमा एकमुष्ट शुल्क लिने गरी व्यवस्था मिलाउनु पर्नेछ। सार्वजनिक जग्गा तथा स्थान बाहेक व्यक्तिको स्वामित्वमा रहेको निजी जग्गाको माटो उत्खनन् गर्दा निम्न कुरामा विचार गरेर मात्र स्थानीय तहले स्वीकृत दिनु पर्नेछः-		
	• साँध सिमानामा पर्ने जग्गा धनीको लिखित स्वीकृति भएको हुनु पर्नेछ, • माटो उत्खननबाट प्राकृतिक श्रोतको दुरुपयोग, भौगोलिक संरचना, मानवीय बासस्थान, सार्वजनिक तथा व्यक्तिगत भवन लगायतको		

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

	संरचना, सडक, कुलो नहर, साँध सिमानामा रहेको छिमेकीको जग्गाको संरचना आदिमा कुनै किसिमको असर नपर्ने हुनु पर्नेछ,
७	प्रदेशभित्र उत्पादन हुने सिमेन्टको हकमा कारखाना मूल्यको ०.२५ प्रतिशतका दरले प्राकृतिक श्रोत शुल्क लगाइने छ। (संघीय कानून बमोजिम चुनढुङ्गा खानीको अनुमति लिई सञ्चालनमा रहेका सिमेन्ट उद्योगलाई सि. नं. २ मा उल्लिखित चुनढुङ्गामा शुल्क नलाग्ने)

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश